**पोखरा उपत्यका साइडसिन घुम्न जाउँ**
**घुमाउने ठाउँहरू**
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः **मानसरोबर टुर्स एण्ड ट्राभल्स**
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
**कलर भिजिटिङ कार्ड साथै**
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख १३ गते शनिबार ❑ 26 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## गोरखाको विकास र गार्खालीको सुखदु:खमा समर्पित हुनेछु: अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
गोरखा, १२ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले गोरखाको विकास र गार्खाली जनताको सुखदुःखमा सदैव समर्पित हुने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

'गोरखा भूकम्प'को केन्द्रविन्दु बारपाक सुलिकोट गाउँपालिका-२, बारपाकमा आज आयोजित 'भूकम्प स्मृति दिवस' कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले गोरखाको विकास निर्माणको कामलाई अगाडि बढाउन सक्दो पहल र प्रयत्न भइरहेको बताउनुभयो।

गोरखा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य समेत र हनुभएका माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री दाहालले काठमाडौँमा रहेपनि गोरखाको विकासका लागि आफूले



गरेका प्रतिबद्धताहरू नबिर्सिएको र यस क्षेत्रको जनप्रतिनिधिका हैसियतले गोर्खाली जनताको समस्यालाई नजिकबाट नियाली सम्बोधन गर्न कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

"तपाईंहरूसँग गरिएका प्रतिबद्धताअनुसारका सबै काम गर्न सकिएन/पाइएन भन्ने अनुभूति मलाई पनि भइरहेको छ," उहाँले भन्नुभयो, "अझै दुई साढे दुई वर्ष बाँकी छ, अबको बाँकी समय गोरखाको विकास निर्माणसहित गोर्खाली जनताको काममा अझ बढी समय दिई खट्ने छु।

तर, केही पनि भएन, गरिएन भन्ने भाष्य निर्माण गर्न खोजिँदै छ, त्यो होइन, यहाँको विकास निर्माणका कामलाई अगाडि बढाउन सक्दो पहल र प्रयास गरिरहेको छु।"

अध्यक्ष दाहालले भूकम्पको केन्द्रविन्दु बारपाकमा रु २८ करोडको लगानीसहित ढल निकास परियोजना सुरु भएको र १० करोड रुपैँयाको लगानीमा बृहत् खानेपानीको स्रोत सुनिश्चित भइसकेकाले बारपाकको विकास अघि बढेको स्पष्ट गर्नुभयो।

मुलुकको राजनीतिक घटनक्रमप्रति इङ्गित गर्दै उहाँले पछिल्ला दिनमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रमाथि प्रहार गरी प्राप्त उपलब्धि सिध्याउने खेल भइरहेकाले त्यसविरुद्ध गणतन्त्रधर पक्ष सबै एक भई प्रतिगामी तत्वलाई परास्त गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। पूर्वप्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष दाहालले भन्नुभयो, "गणतन्त्र आएपछि केही पनि भएन भन्ने भाष्य निर्माण गर्न खोजिँदै छ, त्यसतर्फ सचेत र सजग भई इतिहासलाई फर्काउन खोज्ने प्रतिक्रियावादी र तानाशाही प्रवृत्तिको अन्त्यका लागि सबैसँग अनुरोध गर्दछु।"

## भूकम्पअघिको जस्तै बारपाक बनाउन सकिएन : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
गोरखा, १२ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पुनःनिर्माणले भूकम्पअघिको जस्तै बारपाक बनाउन नसकिएको बताउनुभएको छ।

१०औँ गोरखा भूकम्प स्मृति दिवसको अवसरमा शुक्रबार बारपाक सुलिकोट गाउँपालिकाले बारपाकमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले बारपाकको पुराना शैली र संरचना हराएको बताउनुभयो। "भूकम्पभन्दा पहिलाको बारपाक र अहिलको बारपाकको जुन संरचना निर्माण भएका छन्, त्यो धेरै फरक भएको छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "बारपाक हेर्न आउने पर्यटकका लागि भूकम्पअघिको जस्तो बारपाक हामीले बनाउन सकेनौँ।"

भूकम्पपछिको पुनःनिर्माणले उहाँले बारपाकको मौलिकता हराएको भन्दै त्यसलाई उस्तै बारपाक बनाउने एउटा अवसर गुमाइएको बताउनुभयो। भूकम्पपछि बारपाकमा गर्नुपने धेरैजसो पुनःनिर्माणको काम सम्पन्न भइसकेको र बाँकी रहेका कामलाई छिटो सम्पन्न गर्नुपर्नेमा मुख्यमन्त्री पाण्डेले जोड दिनुभयो।

## नारायणगढ-बुटवल सडक विस्तारलाई तीव्रता दिन हान गण्डकीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

होटल संघ नेपाल (हान) गण्डकीले पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणगढ-बुटवल सडक खण्डको स्तरोन्नती कार्यलाई तीव्रता दिन सरकारसँग माग गरेको छ।

हान गण्डकीका अध्यक्ष हरिप्रसाद शर्मा गैह्रेले हालै एक विज्ञप्ति जारी गरी सडक मार्गको विस्तार र स्तरोन्नतीमा भएको ढिलाईले पर्यटक र समग्र यात्रुवर्गले हैरानी खेप्नु परेको उल्लेख गरेका छन्। उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ- 'यस खण्डमा निकै अघि काम सुरु भए पनि स्तरोन्नती कार्यमा देखिएको सुस्तीका कारण पर्यटक र समग्र पर्यटन क्षेत्रले निकै हैरानी खेप्दै आउनु परेको छ। सामान्य यात्रुले पनि यस्तो समस्या दिनहुँ भोग्न बाध्ये छन्। सडक विस्तार कार्यमा भएको ढिलाई, निर्माणको क्रममा मौसम अनुसार उत्पन्न धुलो र हिलो तथा सडकको उबडखाबडले गर्दा यसखण्ड हुँदै गुड्ने सवारी र तिनमा यात्रारत सेवाग्रहीले ठूलो कष्ट उठाउनु परेको छ। अकोतर्फ दुर्घटनाको जोखिम त छँदै छ।' पर्यटन क्षेत्र अगाडि बढ्न चाहिने केही महत्वपूर्ण आधार मध्ये कनेक्टिभिटी अर्थात् पहुँचले ठूलो महत्व राख्छ नै।

तर नेपालमा सडक मार्गहरुको निर्माण, विस्तार र स्तरोन्नतीमा निकै ढिलाई हुने गर्दा समग्र आर्थिक र पर्यटन क्षेत्र नकारात्मक रुपमा प्रभावित हुने गरेको हानले जनाएको छ। स्मरण रहोस् गैंडाकोटदेखि दाउन्ने पहिलो खण्ड ६५ किमि र दाउन्ने-बुटवल दोस्रो खण्ड ४९ किमि विस्तारका लागि चिनियाँ कम्पनी चाइना स्टेट कन्स्ट्रक्सनले चैत २०७५ मा १६ अर्ब ९९ करोडमा रुपैयाँमा ठेक्का लिएको थियो। सम्झौताअनुसार साउन ०७९ भित्र काम सकिनुपर्थ्यो तर तेश्रो पटक थपिएको म्याद सकिन तीन महिना मात्र बाँकी रहँदा प्रगति ६३ प्रतिशत मात्र हुनु दुःखद भएको हानले उल्लेख गरेको छ।

यति मात्र नभई यो खण्डको अनुगमनका क्रममा केही दिन अघि स्वयं भौतिक पूर्वाधार तथा यातायातमन्त्री समेत दाउन्नेको जाममा रोकिनुपने अवस्था सिर्जना हुन पुगेको र एस्कर्टिङलाई पनि दाउन्ने खण्ड छिचोल्न चार घण्टा लागेको खबरहरु सार्वजनिक भएका थिए।

यसैगरी विदेशी पर्यटकले यो सडकको दुर्गतीबारे सामाजिक संजालमा श्रव्यदृष्य सामग्रीहरु पोष्ट गर्दा अन्तर्राष्ट्रिय जगतमा नेपालप्रति नकारात्मक धारणा सिर्जना हुने जोखिम बढेर गएको भन्दै हानले चिन्ता व्यक्त गरेको छ। विज्ञप्तिमा थप भनिएको छ- 'अहिले सहज अवस्थामा त सडक विस्तार र स्तारोन्नती कार्यमा ढिला भएको छ भने बर्खाको समयमा हालत के होला, प्रश्न स्वभाविक छ। अतः सडकको विस्तार कार्यलाई तिव्रता दिन ठेकेदार कम्पनीलाई खबरदारी गर्दै स्तरोन्नती कार्य नसकिंदा सम्म विकल्पको खोजी गरी पर्यटक र समग्र सेवाग्राहीलाई सहज यात्राको वातावरण सिर्जना गर्न होटल संघ नेपाल गण्डकी सरकारसँग जोडदार माग गर्दछ।'

## पोखरामा १ अरब ५२ करोड बढीको खानेपानी योजना सञ्चालन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

पोखरा महानगरपालिकाको काँहुडाडा, कृष्ति, भरतपोखरी, निर्मलपोखरी र मट्टीखान लगायत क्षेत्रका बासिन्दाहरूलाई स्वच्छ पिउनेपानीको उपलब्धताका लागि लागत साझेदारीमा परियोजना सञ्चालन गर्ने गरी त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको छ।

पोखरा २१ र ३३ लाई समेट्ने गरी नेपाल सरकारको केन्द्रीय खानेपानी आयोजना अन्तरगत वृहद भरतपोखरी, निर्मलपोखरी, कृस्ति खानेपानी आयोजना, मट्टीखान खानेपानी आयोजना पोखरा २१ र जलवायु अनुकूलित आयोजना अन्तरगत काँहुधरहरा खानेपानी आयोजना पोखरा ११ को निर्माण, सञ्चालन र कार्यान्वयन सम्बन्धमा त्रिपक्षीय सम्झदारी पत्रमा हस्ताक्षर भएको हो। नगर प्रमुख धनराज आचार्य र सिनियर डीभिजनल इन्जिनियर कुल प्रसाद पौडेल लगायतको रोहबरमा गरिएको समझदारी पत्रमा नेपाल सरकारको तर्फबाट संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना पोखराका का.मु आयोजना प्रमुख पदम बहादुर कुँवर क्षेत्री, पोखरा महानगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई र खानेपानी उपभोक्ता समितिका तिनै जना अध्यक्षहरूले हस्ताक्षर गरेका छन्। वृहद भरत पोखरी, निर्मलपोखरी, कृस्ति खानेपानी आयोजना निर्माणका लागि ५१ करोड ७७ लाख ७६ हजार २०२ रुपैयाँ कुल लागत मध्ये पहिलो चरणमा अर्थ मन्त्रालयबाट रु.२८ करोड ४९ लाख ९१ हजार ८२८ स्रोत सुनिश्चित भई कार्यान्वयनको चरणमा रहेको छ। यस्तै काँहुधरहरा खानेपानी आयोजनाका लागि कुल ४९



करोड १७ लाख १७ हजार ६०३ रुपैयाँ मध्ये २१ करोड ६ लाख २४ हजार १४० रुपैयाँ र मट्टीखान खानेपानी आयोजनाको कुल २८ करोड ५४ लाख ६५ हजार १७३ रुपैयाँ मध्ये १९ करोड ७६ लाख ४१ ८७६ रुपैयाँको अर्थ मन्त्रालयले स्रोत सुनिश्चित गरेको छ। समझदारी अनुसार स्रोत सुनिश्चित भई कार्यान्वयनमा गइसकेपछि चालु आ.वमा पोखरा महानगरपालिकाले त्यसको १० प्रतिशत रकम बेहोर्ने छ। तीनवटै परियोजनाको कुल लागत १ अरब २९ करोड ४९ लाख ५८ हजार ९७८ रुपैयाँ लाग्ने अनुमान गरिएको छ। परियोजनाको कुल लागतको ९० प्रतिशत संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले बेहोर्ने छ।

वृहद भरत पोखरी, निर्मलपोखरी, कृस्ति खानेपानी आयोजना अन्तरगत पोखरेल थोकमा निर्माणाधीन अत्याधुनिक पानी प्रशोधन केन्द्रमा पानी सङ्कलन तथा प्रशोधन गरी १७ कि.मी सिमलेस सहित ३५ कि.मी पाइपमार्फत उपोक्ताहरुको घरघरमा पानी पुर्याईने छ। यस आयोजनाबाट करिब २४ सय घरधुरी लाभान्वित हुने उपभोक्ता समितिका अध्यक्ष दाताराम आचार्यले बताउनुभयो। यस आयोजनामा २००, १००, ७५, ५० र २० घन मिटरका ११ वटा पानी ट्याङ्कीहरू निर्माण हुनेछन्। यस्तै काँहु धरहरा खानेपानी आयोजना अन्तरगत काँहुमा प्रशोधन केन्द्र निर्माण गरी १७ कि.मी पाइपलाइन मार्फत उपभोक्ताको घरघरमा पानी पुर्याईने छ। करिब १५ सय घरधुरी लाभान्वित हुने यो आयोजना अन्तरगत ३ सय घनमिटर एक र १ सय घनमिटरका २ वटा ट्याङ्कीहरू निर्माण गरिनेछ। मट्टीखान खानेपानी योजना अन्तरगत सेतिखोलाबाट शम्पवेल मार्फत पानी पम्पिङ् गरी फेदिखोला गाउँपालिकाको नुवाकोटमा पानी सङ्कलन गरी मट्टीखान क्षेत्रमा वितरण गरिने छ। ३५ कि.मी पानीको पाइपलाइन विस्तार हुनेछ। विभिन्न स्थानमा १५० र ३५ घनमिटर क्षमताका ८ वटा पानी ट्याङ्कीहरू मार्फत आयोजनाले १२ सय घरधुरीलाई पानी वितरण गर्नेछ। चालु आर्थिक वर्षबाटै योजना सञ्चालन गर्ने गरी संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले २०८१ फाल्गुन ८ गते सार्वजनिक टेन्डर समेत आह्वान गरिसकेको छ। आयोजनाको पोखरा कार्यालय प्रमुख कार्यान्वयन इकाई रहेको यी आयोजना सम्पन्न भएपछि ५ हजार घरपरिवार प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्। आयोजना कार्यान्वयन भएको मितिले ३० महिना भित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ। यी आयोजनाहरू एक घर एक धाराको अवधारणामा सञ्चालन हुनेछन्।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नगरवासीहरूलाई आधारभूत खानेपानीको उपलब्धताका लागि आफूहरू क्रियाशील रहेको बताउनुभयो। नगर क्षेत्रमा संघ, प्रदेश र महानगर स्तरीय विभिन्न आयोजनाहरू सञ्चालन गरी उपभोक्ताहरूलाई स्वच्छ र सफा पिउने पानीको व्यवस्था गर्न आफूहरू निरन्तर लागिरहेको उहाँले बताउनुभयो। "पोखरा महानगरपालिकाको भूगोल विविधतायुक्त छ, यहाँ समथर मैदानदेखि अग्ला पहाडी भेगहरू छन्, सबै स्थानमा खानेपानीको सहज उपलब्धता हुननसकिहेका बेला पछिल्लो पटक निकै ठुलो मिहिनेतका साथ हामी यी आयोजनाहरू सञ्चालन गने क्रममा आइपुगेका छौँ, उहाँले भन्नुभयो, ठुला लगानीका आयोजनामा जनसहभागिता जुटाउन निकै कठिन छ, तसर्थ नागरिकको संवैधानिक अधिकारको प्रत्याभूतिका लागि पनि यसको दायित्व महानगरपालिकाले लिनु पर्दछ भन्ने मान्यताका साथ हामीले प्रतिबद्धता सहित अग्रसरता लिएका छौं।" उहाँका अनुसार जी टु जी अवधारणामा उपभोक्ताहरूको तर्फबाट बेहोर्नु पर्ने १० प्रतिशत जनसहभागिता बापतको रकम महानगरपालिकाले संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको खातामा पठाइदिने छ। पानीको महसुल बुझाउन समेत मुस्किल पर्ने उपभोक्ताहरूलाई जनसहभागिता बापतको र कम महानगरपालिकाले तिरिदिने भएपछि उपभोक्ताहरूमा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

**सुपथ मूल्यमा आकर्षक छपाइ**

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मुस्ताङ भ्रमण गर्ने विदेशी पर्यटक ५० प्रतिशतले बढे

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख



मुस्ताङमा विदेशी पर्यटकको आगमन उत्साहजनक देखिएको छ । राष्ट्रिय प्रकृति सरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमका कार्यालयका विसं २०८० को तुलनामा २०८१ सालमा यहाँ आउने विदेशी पर्यटक करिब ५० प्रतिशतले बढेका छन् ।

विसं २०८० मा कूल ९६ हजार ६४५ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएकामा २०८१ सालमा ४९ दशमलव ७६ प्रतिशतले बढेर एक लाख ४४ हजार ७४५ जना पुगेको एक्याप जोमसोम कार्यालयका प्रमुख राजेशप्रसाद गुप्तले जानकारी दिनुभयो । एक्यापका अनुसार अघिल्लो वर्षको तुलनामा गत वर्ष सार्क राष्ट्रका पर्यटकको आगमन ५३ दशमलव ७१ प्रतिशतले बढी छ ।

गत वर्ष सार्क राष्ट्रबाट एक लाख १७ हजार ६१४ जना र अन्य मुलुकका २७ हजार १३१ जना पर्यटकले मुस्ताङ भ्रमण गरेको कार्यालयको भनाइ छ । कार्यालयका अनुसार २०८१ वैशाखमा २० हजार ८०९, जेठमा २८ हजार ८५६, असारमा आठ हजार १८७, साउनमा तीन हजार ५५८, भदौमा छ हजार ६७९, असोजमा १३ हजार २१६, कात्तिकमा १४ हजार ५७८ र मङ्सिरमा सात हजार ५५३ जना विदेशी पर्यटक मुस्ताङ आएका छ्न । साथै पुसमा छ हजार ९७५, माघमा तीन हजार ५१७, फागुनमा नौ हजार ३२६ र चैतमा २१ हजार ४९१ जना विदेशी पर्यटकले मुस्ताङ भ्रमण गरेका छन् । कार्यालयका अनुसार गत वर्ष कूल ७२ राष्ट्रका पर्यटकले मुस्ताङ भ्रमण गरेका छन् ।

कार्यालय प्रमुख गुप्ताका अनुसार मुस्ताङ आउने सार्क राष्ट्रतर्फ ८० प्रतिशत भारतीय पर्यटक हुने गरेका छन् । उनीहरु विशेष गरी मुक्तिनाथ दर्शन गर्न आउँछन् ।

एक्याप जोमसोमका अनुसार विसं २०८० सालमा ९६ हजार ६४५ जना विदेशी पयटकले मुस्ताङको भ्रमण गर्दा सार्क राष्ट्रतर्फ ७६ हजार ५१६ जना र अन्य विदेशी पर्यटकतर्फ २० हजार १२९ थिए ।

केही वर्षयता राष्ट्रिय गौरवको (बेनी–जोमसोम–कोरला) सडकमार्ग सहज भएसँगै मुस्ताङ आउने आन्तरिक र बाह्य पर्यटकको उल्लेख्य वृद्धि भइरहेको एक्यापको भनाइ छ । कार्यालयका अनुसार मुस्ताङ आउने एक चौथाई विदेशी पर्यटक अन्नपूर्ण चक्रिय पदमार्ग हुँदै आएका छन् । साथै लमजुङको बेसी सहरदेखि मनाङ हुँदै मुस्ताङ भित्रिने पर्यटकको सख्यामा समेत वृद्धि भइरहेको छ । मुस्ताङबाट दृष्यावलोकन गर्न सकिने निलगिरि र धौलागिरि हिमालको मनमोहक दृष्य एवं यहाँका प्राकृतिक तथा जैविक विविधता अवलोकन गर्न विदेशी पर्यटक आउने गरेका छन् । कालिगण्डकी नदीको तटीय क्षेत्र, यहाँका पृथक भूगोल तथा प्राकृतिक सौन्दर्यताका कारण पर्यटक आउने गरेका छन् । यहाँका गुम्बा, माने, छोर्तेन र स्तुप पर्यटकीय आर्कषण हुन् ।

उपल्लो मुस्ताङमा मुस्ताङी राजाको ऐतिहासिक राजदरबार, लोघेकर (घर) गुम्बा, छोसेर गुफा, चिउसी गुफा, लुरी गुम्बा, दामोदरकुण्ड धार्मिकस्थललगायतका पर्यटकीय सम्पदा विद्यमान छन् । यस्तै प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथ, कागबेनीधाम, ढुम्बाताल, स्याउको राजधानी एवं सांस्कृतिक गाउँ मार्फा, गुरुसाङ्वो गुफा, टिटी ताल र सेकुङ ताल लगायतका पर्यटकीय गन्तव्य भएकै कारण मुस्ताङमा पर्यटक आगमनदर बढ्दो छ ।

# पोखरामा बृहत् ट्याक्सी र्‍याली सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख



मानवसेवा फाउण्डेशनको आयोजनामा शुक्रबार बिहान पोखरामा बृहत् ट्याक्सी र्‍याली भव्य रूपमा सम्पन्न भएको छ ।

बैशाख १७ देखि जेठ २६ गतेसम्म सञ्चालन हुने ऐतिहासिक श्री गण्डकी शतकुण्डीय गायत्री कोटीहोम विराट ज्ञान महायज्ञको प्रचार-प्रसार तथा धार्मिक र सामाजिक सद्भावको सन्देश फैलाउने उद्देश्यले आयोजित यो र्‍यालीमा सयौं ट्याक्सीहरू सहभागी भए । र्‍याली बिरौटास्थित कोटिहोम स्थलबाट बिहान ७ बजे सुरु भई ड्यामसाइड, लेकसाइड, हल्लनचोक, जिरोकिलोमिटर, मालेपाटन, बाग्लुङ बसपार्क, हरिचोक, बगर, पृथ्वीनारायण क्याम्पस गेट, नदीपुर, महेन्द्रपुल, रानीपौवा, सितला देवी, कुँडुहर, मियापाटन, अमर शिंहचोक, रामबजार, बुद्धचोक, पृथ्वीचोक, नागढुङ्गा, मुस्ताङचोक हुँदै पुनः बिरौटा कोटिहोम स्थलमा पुगेर समापन भएको थियो । महायज्ञका संकल्पकर्ता विजय कृष्ण मूर्ति महाराजले र्‍यालीले पोखरावासीमाझ महायज्ञको सन्देश पुर्‍याउनुका साथै सामाजिक एकता र धार्मिक जागरणमा महत्त्वपूर्ण योगदान पुर्‍याएको बताउनुभयो । "यो र्‍यालीले पोखरेली जनतामा धार्मिक र सामाजिक सद्भावको भावना जागृत गरेको छ। हामी सबैको सहयोगले महायज्ञलाई भव्य र सभ्य बनाउनेछौं," उहाँले भन्नुभयो ।

र्‍यालीमा सहभागी ट्याक्सी चालकहरूले महायज्ञको सन्देश बोकेका ब्यानर र प्लेकार्डहरू प्रदर्शन गरेका थिए। स्थानीय बासिन्दा र दर्शकहरूले र्‍यालीलाई उत्साहपूर्वक स्वागत गरेका थिए । र्‍यालीका क्रममा पोखराको सडकमा धार्मिक भजन र सन्देशमूलक नाराहरू गुञ्जिएका थिए ।

मानवसेवा फाउण्डेशनले महायज्ञको तयारीलाई तीव्रता दिँदै थप कार्यक्रमहरूको आयोजना गरिरहेको छ । बैशाख १३ गते मोटरसाइकल र्‍याली, १४ गते फेवातालमा डुङ्गा र्‍याली र १६ गते बृहत् कशलयात्रा आयोजना हुने फाउण्डेशनले जनाएको छ । यसअघि बैशाख ११ गते साइकल र्‍याली सम्पन्न भएको थियो ।

र्‍यालीको सफलताले पोखरेली जनतामा महायज्ञप्रति उत्साह थपिएको छ । फाउण्डेशनले सबै पोखरेलीलाई आगामी कार्यक्रमहरूमा सहभागी भई महायज्ञलाई सफल बनाउन अपिल गरेको छ ।

# उदाहरणीय बन्दै सुरौदी तिखेढुंगामा खरबुजाखेती

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख



पोखरा महानगरपालिका-३३ सुरौदी खोला किनाराको तिखेढुङ्गाको करिब ३५ रोपनी जग्गामा यतिखेर लटरम्म खरबुजा फलेका देखिन्छन् । विगतमा तराई र भारतबाट बजारमा ल्याइएका खरबुजा देखेका स्थानीय आफ्नै घरखेत वरपर खरबुजा फलेको देख्दा दङ्ग छन् ।

महानगरपालिका-२१ कृष्तीका ज्ञानबहादुर कार्की र पोखरा-३३ भरतपोखरीका रमेश आचार्यले यहाँ खरबुजा फलाउनुभएको हो । उहाँहरूले सरस्वती, रेड भेलरेट, फनेक्स, मान्ठाना र राजा जातका खरबुजा फलाउनुभएको छ। यहाँ उत्पादित खरबुजा अब केही दिनमा बजारमा ल्याउने तयारी छ ।

विगत लामो समयदेखि खरबुजाखेतीमा अनुभव सँगालेका कार्की र व्यावसायिक कृषिमा लगाव भएका आचार्यको यो मेहनत पछिल्लो समय अरूका लागि पनि प्रेरणाको स्रोत बनेको छ । पोखरा क्षेत्रमा खरबुजाखेतीको निकै सम्भावना रहेको र दुईजना कृषकले त्यसलाई व्यावहारिक रूपमा प्रमाणित गरेको पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाको भनाइ छ । विगतमा १०/१२ रोपनी क्षेत्रफलमा मात्रै गरिएको खरबुजाखेती यस वर्ष करिब २०० रोपनी क्षेत्रमा विस्तार गरिएको बताउँदै बीउ तथा मलचिङमा महानगरले सहयोग गरेको जानकारी दिँदै उहाँले बीउ तथा मलचिङमा महानगरले सहयोग गरेको बताउनुभयो ।

महानगरपालिका-१३, २३, ३०, ३२, ३३ मा यस खेतीतर्फ आकर्षण बढिरहेको महाशाखा प्रमुख कडरियाले जानकारी दिनुभयो । "स्थानीय रूपमा उत्पादित खरबुजाको स्वाद पनि निकै मीठो छ। थोरै क्षेत्रफलमा पनि राम्रो उत्पादन लिन सकिने यो खेती आर्थिक समुन्नतिका लागि महत्वपूर्ण आधार बन्न सक्छ", उहाँले भन्नुभयो । महानगरपालिकाले पोखरामा उत्पादित सरस्वती जातको खरबुजाको 'ब्रान्डिङ' गर्न लागेको र त्यसको बजारीकरणका लागि 'स्टिकर' तयार पारिसकेको महाशाखा प्रमुख कडरियाले जानकारी दिनुभयो। नेपाली युवा रोजगारीको खोजीमा दिनानुदिन विदेसिरहेका बेला स्थानीय किसान आचार्य र कार्कीले भने आफ्नै देशमा केही गर्ने सोचका साथ काम गरिरहनुभएको छ । यस अवस्थामा उहाँहरूको प्रयास युवाहरूका लागि अनुकरणीय बनेको छ । विगतमा करिब १४ वर्ष युरोपमा बिताउनुभएका कार्की छ वर्षयता आफ्नै ठाउँमा व्यावसायिक कृषिमा जुट्नुभएको छ। स्पेनलगायत देशमा कृषि क्षेत्रमा हासिल गरेको अनुभवलाई उहाँले हाल स्वदेशी माटोमा प्रयोग गरिहनुभएको छ। कार्कीले कृषि क्षेत्रमा नै करिब ९०० मिटर उचाइमा रहेको स्थानमा खरबुजा फलाउनुभएको छ। यो नयाँ प्रयोग भएको उहाँले बताउनुभयो । व्यावसायिक कृषिमा नयाँ प्रयोग गर्दै उहाँले देखाएको सफलता सबैका लागि अनुकरणीय बनेको छ। कार्की अघिल्लो वर्ष राम्रो खरबुजा उत्पादक किसानका रूपमा पोखरा महानगरपालिकाबाट पुरस्कृतसमेत हुनुभएको थियो । यस्तै, स्नातकसम्मको अध्ययन गर्नुभएका भरतपोखरीका आचार्य आफ्नो १० वर्षको शिक्षण पेसा, तीन वर्षको वैदेशिक रोजगारीसँगै विद्युत् प्राविधिकको अनुभव सँगाल्दै हाल व्यावसायिक कृषिमा रमाइरहनुभएको छ।

तिखेढुङ्गा बागमारा पशुपालन तथा कृषि फर्म दर्ता गरी व्यावसायिक कृषिमा लागेका आचार्यले पोखरा महानगरपालिका-३३ स्थित सुरौदीखोला तिखेढुङ्गामा पशुपालनसँगै व्यावसायिक तरकारी, फलफूल तथा विभिन्न कृषिजन्य उत्पादन गर्दै आउनुभएको छ। तरकारी खेतीसँगै पशुपालनमा उहाँले देखाउनुभएको क्रियाशीलता पनि अन्यका लागि राम्रो उदाहरण बनेको छ। "युवाहरू आफ्नै देशमा केही गर्नुपर्छ भन्नेभन्दा विदेसिने लहरमा छन्। धेरैले उत्पादनको बजार नै छैन भनेर कुरा गर्छन् तर मेहनत गरेमा उत्पादन उत्पादित कृषिजन्य वस्तुको बजार समस्या छैन। रोजगारीका लागि विदेसिनुपर्ने अवस्था छैन", आचार्यले भन्नुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

# मदन भण्डारी फाउन्डेसन कास्कीद्वारा विद्यार्थीहरुलाई पोशाक र शैक्षिक सामाग्री वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख



मदन भण्डारी फाउन्डेसन कास्कीले शुक्रवार गरिव तथा बिपन्न वर्गका बिद्यार्थीहरुलाई पोशाक र विभिन्न शैक्षिक सामाग्री बितरण गरेको छ ।

दियालो फाउन्डेसन संगको सहकार्यमा बिद्यालय पोशाक, कपि, झोला सहितका सामाग्री सो फाउन्डेसनका अध्यक्ष माधब वास्तोलाले बितरण गरेका थिए ।

कास्कीका विभिन्न विद्यालयका ८५ जना विद्यार्थीहरुलाई सहयोग गने कार्यक्रम अन्तगत आज १५ जनालाई बितरण गरिएको र अन्यलाई केहि दिनमा बितरण गरिने कुरा यो अभियानका संयोजक रमेश भण्डारीले बताए । अभिभावकहरुले कपि, कलम, लगाउने कपडा, झोला नभएर स्कुल जान नमान्ने बालवालिकाहरुलाई प्रोत्साहन भएको बताउदै धन्यवाद दिएका थिए ।

कार्यक्रममा युवा नेताहरु सुर्य भण्डारी, शेखर गौतम र रेडक्रस कास्कीका सदस्य खगेन्द्र पराजुलीको उपस्थिति रहेको थियो । कार्यक्रम रमेश भण्डारीले संचालन गर्नुभएको थियो ।

# बारपाकमा गोरखा भूकम्पसम्बन्धी एकल फोटो प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख



गोरखा भूकम्पको १०औँ स्मृति दिवसको अवसरमा आज बारपाकमा 'भूकम्पसम्बन्धी एकल फोटो प्रदर्शनी' गरिएको छ ।

विसं २०७२ वैशाख १२ गते बारपाक केन्द्रबिन्दु भएको ७ दशमलव ८ म्याग्निच्यूडको विनाशकारी गोरखा भूकम्पको स्मृति दिवस पारेर पत्रकार प्रकाश तिमिल्सिनाको फोटो प्रदर्शन गरिएको हो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले फोटो प्रदर्शनीको उद्घाटन गर्नुभयो । भूकम्पका बेला खिचिएका बारपाकका ६० वटा फोटो प्रदर्शनीमा राखिएको पत्रकार तिमिल्सिनाले जानकारी दिनुभयो । पूर्वप्रधानमन्त्री दाहालसहित गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ, बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष बिष्णुप्रसाद भट्टलगायत स्थानीयबासीले प्रदर्शनी अवलोकन गर्नुभएको थियो। भूकम्पका कारण केन्द्रबिन्दु बारपाक गाउँमा मात्र ७२ जनाले ज्यान गुमाएका थिए ।

## पोखरामा...

उत्साह थपिएको समितिका अध्यक्षहरूले प्रतिक्रिया दिएका छन्। यसले आफूहरूलाई योजना सञ्चालनमा ठुलो राहत मिलेको अनुभूति भएको उनीहरूको भनाइ छ । "पोखरा महानगरपालिकाले असल अभिभावकत्वको आभास दिलाएको छ, वृहद भरतपोखरी, निर्मलपोखरी, कृस्ति खानेपानी आयोजना उपभोक्ता समितिका अध्यक्ष दाताराम आचार्यले भन्नुभयो, महानगरले जनताको दुखमा सारथिको काम गरेको छ ।" यी आयोजना समयमा सम्पन्न गर्न उपभोक्ताहरूको तर्फबाट सवै प्रकारको सहयोग र समन्वय गने उनीहरूले प्रतिबद्धता जाहेर गरेका छन् ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बारपाकीले बिर्सन नसकेका भूकम्प

प्रतीक्षा आले
गोरखा, १२ बैशाख/रासस

गोरखा बारपाकी ६२ वर्षीया धनमाया गुरुङलाई १० वर्षयता वैशाख १२ कहिले पनि नआओस् जस्तो लाग्छ।

बारपाकलाई केन्द्रबिन्दु बनाएर २०७२ वैशाख १२ मा गएको भूकम्पमा उहाँलाई आफ्नो सात वर्षीया भदैनी गुमाएको कुराले सधैँ पिरोल्छ । गहभरि आँसु पारेर धनमाया भन्नुहुन्छ, "न्याम्रो लागेर माइतीबाट भदैनी घर ल्याएको थिएँ । त्यही दिन भूकम्प आउनुपरेको । आँगनमा खेलीरहेकी भदैनी घर भत्किएर लग्यो । भदैनी भूकम्पमा पर्नुको दोषी म आफैँ हो जस्तो लाग्छ।" धनमाया जस्तै भूकम्पमा आफ्न्त गुमाउने बारपाकवासीको पीडा उस्तै छ। धेरैले परिवारका सदस्य गुमाउनुपर्यो भने कति घाइते भएर जीवनभर अशक्त बन्नुपरेको छ। ३४ वर्षीय डोलमाया घलेले पनि त्यस दिनलाई बिर्सन सक्नुभएको छैन। "आकास गर्जदा अझैँ पनि डर लाग्छ। गाउँमा ठूल्ठूलो गाडी आउँदा पनि भूकम्प नै आएजस्तो लाग्छ। मुटु नै चिसो बनाउँछ", उहाँ भन्नुहुन्छ । "भूकम्पले



बारपाकीहरुको मानसिकतामा ठूलो धक्का पुगेको छ। वैशाख १२ पछि गएका पटकपटकका परकम्प र पछिल्लो समय देशका विभिन्न ठाउँमा गएका भूकम्पका कारण ७७ वर्षीया प्याली घलेलाई फेरि पनि पहिलेकै जस्तो ठूलै भूकम्पले आउने हो कि भन्ने पिरले सधैँजसो सताउँछ। ठूलो जनधनको क्षति गर्नेगरी वैशाख १२ गते भूकम्प गएको १० वर्ष बितिसकेछ", घलेले भन्नुभयो। स्थानीय अर्की ५५ वर्षीय कमला गुरुङले २०७२ वैशाख १२ गते सम्झँदै भन्नुहुन्छ, "हामी त बारीमा काम गर्दै थियौँ। एक्कासी जमिन हल्लियो, एकाएक घरहरु भत्किन थाले। गाउँ पूरै धुलोको मुस्लोले ढाकियो।" भूकम्पका कारण आफूहरुको मानसिकतामा ठूलो चोट पुगेको गुरुङ बताउनुहुन्छ। "अहिले त नयाँ घर पनि बनाइसके", उहाँले भन्नुभयो, "तर, त्यो दिन सम्झँदा यो अवस्थासम्म आइपुग्छु जस्तो लागेको थिएन।"

वैशाख १२ को भूकम्पले गोरखालगायत विभिन्न जिल्लामा ठूलो धनजनको क्षति पुऱ्याएको थियो । २०७२ वैशाख १२ गते ११ बजेर ५६ मिनेटमा बारपाक केन्द्रबिन्दु बनाएर गएको विनाशकारी भूकम्पमा परेर बारपाकमा मात्र ७२ जनाले मृत्यु भएको थियो भने झण्डै एक हजार ५०० निजी घरमा क्षति पुगेको थियो । भूकम्पको केन्द्रबिन्दु रहेको बारपाक अहिले पर्यटकीय गन्तव्यका रुपमा विकास पनि भएको छ। भूकम्पले बारपाकको स्वरुप नै परिवर्तन गरेको अर्का स्थानीय जीतबहादुर घले बताउनुहुन्छ । "भूकम्पले विनाश त गर्यो तर धेरै सकारात्मक परिवर्तन पनि ल्याएको छ", उहाँले भन्नुभयो, "बारपाक भूकम्पको केन्द्रबिन्दु भएकै कारण यहाँ सबैको नजर पऱ्यो । हामीले विकास आयोजना माग्ने आधार पनि पायौँ ।" भूकम्पछि नै बारपाकमा सडक, खानेपानी, बिजुलीलगायत पूर्वाधारहरु तीव्र रुपमा विकास भएको उहाँको भनाइ छ। एक दशकको अवधिमा बारपाकमा निजी आवास पुनःनिर्माणको अन्तिम चरणमा पुगेको छ। विनाशकारी भूकम्पमा ज्यान गुमाउनेहरुको स्मरणमा भूकम्प गएको मिति र समयसमेत उल्लेख गरेर स्मृति स्तम्भ निर्माण भएको छ । पुनःनिर्माण गर्दा विगतमा परम्परागत ढुङ्गाको छानो र माटोले बनेको घरको मौलिकताको सट्टा इँटा र सिमेन्टबाट आधुनिक पक्की घरहरु बनेको छन्।

# सम्झौताको सात वर्षसम्म फिर्केमा पुल नबनेपछि ठेक्का तोडियो

पोखरापत्र संवाददाता
कास्की, १२ बैशाख

पोखरा महानगरपालिका-४ र ५ जोड्नेगरी फिर्केखोलामा निर्माण गर्न गरिएको पुलको ठेक्का सम्झौता तोडिएको छ। सडक डिभिजन कार्यालय पोखराले सो पुल निर्माणका लागि विसं २०७५ असोजमा ठेक्का सम्झौता गरेकामा निर्माण कम्पनीले काम सम्पन्न नगरेको र काम गर्ने अग्रसरतासमेत नदेखाएपछि कार्यालयले ठेक्का सम्झौता तोडेको हो।

पुल निर्माणको ठेक्का पाएको शान्ति-आरोग्य जेभी सानेपा ललितपुरले पटकपटक म्याद थपे पनि काम नगरेका कारण ठेक्का सम्झौता अन्त्य गर्नुपरेको सडक डिभिजन कार्यालय पोखराका प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर नवराज बाँस्तोलाले बताउनुभयो। उहाँले भन्नुभयो, "पुल निर्माण सम्पन्न गर्न पटकपटक म्याद थप गर्दा पनि काम सम्पन्न नभएको कार्य सम्पन्न गर्न सक्ने प्रतिबद्धता र तदारूकता नदेखाइएकाले नियमानुसार ठेक्का सम्झौता अन्त्य गरिएको हो। अब अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चित भएपछि नयाँ ठेक्का प्रक्रिया सुरु हुन्छ।"

यसैगरी सडक डिभिजन कार्यालयले सो पुलको निर्माण कम्पनी शान्ति-आरोग्य जेभीलाई कालोसूचीमा राख्न सिफारिस गरेको छ। "सार्वजनिक खरिद ऐन, २०६३ दफा ५९ (८) र ठेक्का सम्झौताको प्रावधानबमोजिम कार्यसम्पादन, पेश्की जमानत र धरौटीबापतको रकम जफत गरिने छ।

साथै कार्यालय पोखरा, प्रशासन, कोष तथा लेखा नियन्त्रक कार्यालय र निर्माण व्यवसायी वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा आठदेखि १५ दिनभित्र हालसम्म अद्यावधिक भएको काम र बाँकी कामको नापजाँच गरी मूल्याङ्कन गर्नेछौँ", कार्यालय प्रमुख बास्तोलाले भन्नुभयो । पोखरा-बाग्लुङराजमार्गअन्तर्गत पोखराको जिरो किमीबाट विन्ध्यवासिनीसम्मको छ लेनको सडकको बीचमा फिर्केखोलामाथि साँघुरो पुलका कारण दुर्घटना बढेपछि नयाँ पुल निर्माण प्रक्रिया सुरु गरिएको हो। अहिले भइरहेको साँघुरो पुलको दायाँ-बायाँ ११ मिटर चौडाइ र ५०-५० मिटर लम्बाइका दुईवटा निर्माणका लागि रु १७ करोड १० लाखमा सडक डिभिजन कार्यालयले ठेक्का सम्झौता गरेको थियो।

सो पुल सम्झौताको ३० महिना अर्थात् विसं २०७७ चैत ३० भित्रमा निर्माण सकिनुपर्ने सम्झौता रहे पनि निर्माण कम्पनीले विभिन्न बहाना बनाउँदै आलटाल गर्दै आएको थियो। पुल निर्माण सम्पन्न गर्न तीनपटकसम्म म्याद थप गरिएको थियो।

सडकअनुसार फिर्केखोला पुल साँघुरो हुँदा धेरै दुर्घटना भइरहेका छन्। स्थानीयवासीले पनि पुलः निर्माण तोकिएको समयभित्रमा सम्पन्न गर्न जिल्ला प्रशासनलगायत कार्यालयमा दबाब दिँदै आएका थिए।

# घारीकुलो सहकारीको रक्तदानमा २६ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, १२ बैशाख

पोखरा महानगर पालिका वडा न १७ स्थित घारीकुलो सहकारीले आफ्नो छैटौं स्थापना दिवसको अबशरमा आयोजना गरेको रक्तदान कार्यक्रममा २६ युनिट रगत संकलन भएको छ।

कार्यक्रमको रेडक्रस कास्कीका सभापति उर्मिला खड्काले उद्घाटन गर्नुभएको थियो। खड्काले सहकारीले आर्थिक समृद्धिका बाहक संगै सामाजिक कार्यहरूको अगुवाइमा समेत महत्त्वपूर्ण योगदान दिएको उल्लेख गर्दै निरन्तर समाज कल्याण र मानव हितका कार्यहरू आफ्नो एक तालिकाको रूपमा समाबेश गर्न आग्रह गर्नुभयो। कार्यक्रममा




घारीकुलो टोल विकास सस्थाका अध्यक्ष गोविन्द गिरि, २३ औं पटकका रक्तदाता दीपेन्द्र पौडेल, सहकारीका ब्यबस्थापक दिपक लामिछाने सहितले शुभकामना व्यक्त गरेका थिए। कल्पना पौडेलको सम्योजनमा संचालित कार्यक्रमको संचालन सचिब पवित्रा सुबेदी भण्डारी र स्वागत कोषाध्यक्ष दिपेन्द्र पौडेलले गर्नुभएको थियो। बार्शिकोत्सब कार्यक्रममा सहभागीहरूले सहकारीको सस्थापक अध्यक्ष स्व. ढाकाराम ढकाल सहित स्थापनामा महत्त्वपूर्ण योगदान दिने ब्यक्तित्वहरूको योगदानको स्मरण गरेका थिए। संस्थाका अध्यक्ष पुरन गिरिको अध्यक्षतामा सम्पन्न रक्तदानमा रक्त सन्चार केन्द्रले प्राबिधिक सहयोग उपलब्ध गराएको थियो।

# स्याङ्जामा अवैध सामाग्री बरामद

पोखरापत्र संवाददाता
स्याङ्जा, १२ बैशाख

सिद्धार्थ राजमार्ग अन्तर्गत बुटवलबाट पोखरा तर्फ लैजादै गरेको अवैध सामाग्री प्रहरीले बरामद गरेको छ।

लु २ ख १९२१ नम्वरको मिनि ट्रकमा बिल नभएको खाद्य सामाग्री पोखरा लैजादै गर्दा जिल्ला प्रहरी कार्यालय स्याङ्जाले नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक हरीप्रसाद पौडेलका अनुसार दुई प्रदेशको सिमा क्षेत्र स्याङ्जाको गल्याङ नगरपालिका १ स्थित राम्दीमा रहेको प्रहरीले चेकजाँच गर्ने क्रममा बिल नभएको अवैध सामाग्री फेला परेको थियो। बिल नभएको अबैध चिनी ५० केजीका २१० बोरा, भुजा ५ केजीका ३९ बोरा र केराउ ३० केजीका १८ बोरा प्रहरीले नियन्त्रणमा लिएर सामाग्री बरामद गरेको छ। ट्रक चालक रुपन्देही जिल्ला सुद्धोधन गाउपालिका ३ बस्ने २४ बर्षिय बसन्त परियार, सहचालक पाल्पा रैनादेवी छहरा गाउँपालिका ४ बस्ने ४० बर्षिय सुमन विक र रुपन्देही जिल्ला सियारी गाउँपालिका ६ बस्ने २३ बर्षिय दिप्सन सुनारलाई प्रहरीले पक्राउ गरी आवश्यक कारवाहीका लागि राजस्व अनुसन्धान कार्यालय बुटवल पठाएको सूचना अधिकारी प्रहरी नायव उपरीक्षक पौडेलले बताए। सिद्धार्थ राजमार्ग अन्तर्गत गण्डकी प्रदेश र लुम्बिनी प्रदेशको सिमा राम्दीमा बसेको प्रहरीको चेकपोष्टले बिहान नियन्त्रणमा लिएको थियो। बजारमा राजस्व छली गरेर सामाग्रीहरु आउन थालेको थन्ध प्रहरीले थाहा पाएपछि चेकजाँचमा सक्रियता बढाएको डिएसपी पौडेलले बताए । प्रहरीले बरामद गरेको सामाग्रीको बजार होलसेल मुल्य ११ लाख २२ हजार ९ सय ९० रहेको छ । जसमा चिनी १० लाख ५० हजार, भुजा १८ हजार ९ सय ९० र केराउ ५४ हजार होलसेल मुल्य रहेको छ । यती ठुलो रकम बराबरको सामाग्रीको बिल नै नबनाई अवैध तवरबाट पोखरा लैजादै गरेको अवस्थामा नियन्त्रणमा परेको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# शनिबार पोखरामा प्रतिरक्षा तथा बाल बाथरोग सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर तथा परामर्श हुने

पोखरापत्र संवाददाता
पोखरा, १२ बैशाख

पोखरामा शनिबार प्रतिरक्षा तथा बाल बाथरोग सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर तथा परामर्श कार्यक्रम हुने भएको छ।

पोखरा महानगरपालिका वडा नम्बर ९ को समन्वयमा, म्याक्स सुपर स्पेसियालिटी हस्पिटलको प्राविधिक सहयोगमा पोखरा क्लिक प्रा.लि.को आयोजनामा शनिबार पोखरामा उक्त कार्यक्रम हुने भएको शुक्रबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो। पोखरा नयाँबजारमा (बृहस्पति पेट्रोल पम्प ठीक अगाडि) सञ्चालनमा आउँदै रहेको म्याक्स सुपर स्पेसियालिटी हस्पिटलको प्राङ्गणमा सञ्चालन हुने उक्त शिविरको तयारी पूरा भएको प्रा.लि.ले जनाएको छ।

नेपाल कै एकमात्र वरिष्ठ प्रतिरक्षा तथा बाल बाथरोग विशेषज्ञ (MBBS, MD, DM, FESIT) डा. धर्मागत भट्टराईबाट गण्डकी प्रदेशमै पहिलो पटक पोखरामा ल्याएर शिविर सञ्चालन गर्ने प्रबन्ध मिलाएको प्रालि.का अध्यक्ष दीननाथ बरालले बताए । पोखरासहित गण्डकी प्रदेशमा पनि बालबालिकामा देखिने समस्याको पहिचानमा असहजता डरलाग्दो रहेको उल्लेख गर्दै उनले त्यसलाई मध्यनजर गर्दै प्रतिरक्षा तथा




बाल बाथरोगको पहिचानमा देखिएका समस्या, रोग पहिचान पछि निदानमा आइपर्ने बाधा व्यवधानका बारेमा यस क्षेत्रका जनसमुदायलाई सुसूचित गर्न सकियोस् भन्ने उद्देश्यले शिविर आयोजना गरिएको उल्लेख गरे।

डा.भट्टराईको प्रत्यक्ष परामर्शमा बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म उक्त शिविर संचालन हुने भएको असफल गौतमले बताउनु भयो। शिविरमा आउने सेवाग्राहीलाई हस्पिटलको प्रयोगशालामा मधुमेह र पिसाब निःशुल्क परीक्षणको सुविधा समेत अस्पतालले उपलब्ध गराउने उहाँले जनाउनु भयो।

पत्रकार सम्मेलनमा बोल्दै डा. भट्टराईले बाल बाथ र इम्यूनोलोजीको समस्या अन्य उमेर समुहमा भन्दा गम्भिर रुपमा रहने भएकाले समयमै उपचार गर्न सुझाव दिनुभयो। उहाँले समयमै उक्त बिरामीहरुको उपचार नभए शारीरिक रुपमा अंग भंग हुनसक्ने बताउनु भयो । नेपालमा बाल बाथ र इम्यूनोलोजीका हाल २ हजार ३ सय बिरामी आफ्नो निगरानीमा रहेको उल्लेख गर्नुभयो । अस्पतालमा स्वास्थ्य परीक्षण गराउने सेवाग्राहीलाई अस्पतालबाट ५ देखि ५० प्रतिशतसम्म छुट हुने व्यवस्था गरिएको पश्चिमाञ्चल डाईग्नष्टिक एण्ड रिसर्च सेन्टरका प्रशासकीय अधिकृत देवेन्द्र धितालले बताउनु भयो।

अस्पतालका अध्यक्ष शिव पोखरेलले पोखरामा विशिष्टिकृत अस्पतालको सेवा सुरु गर्न उक्त अस्पताल सञ्चालनमा ल्याउन लागेको बताउनु भयो। नेपालकै एकमात्र वरिष्ठ प्रतिरक्षा तथा बाल बाथरोग विशेषज्ञसँग निःशुल्क सेवा लिन पाउने शिविरमा गण्डकी प्रदेश क्षेत्रका धेरै जना लाभान्वित हुने उहाँले विश्वास व्यक्त गर्नुभयो। १६ वर्ष भन्दा कम उमेरका धेरै भन्दा धेरै बालबालिकाको सहभागिताका लागि अध्यक्ष पोखरेलले आग्रह गर्नुभयो । समुदाय र सिङ्गो राज्यलाई सुसूचित गराउनुका अलावा संस्थाको सामाजिक उत्तरदायित्व अर्न्तगत विभिन्न सेवामूलक गतिविधिसमेत सञ्चालन गर्दै आएको प्रालिसँग सहकार्य गरेर कार्यक्रम गर्न पाउँदा खुसी लागेको हस्पिटलका अध्यक्ष पोखरलले जनाउनु भयो।

उक्त कार्यक्रमलाई सफल दूध, रारा चाउचाउ, टाइगर ग्रुप अफ् पोखरा र ग्लेज स्प्रिङ्ग वाटरको सहयोग रहेको छ। पोखरा क्लिक प्रा.लि.द्वारा सञ्चालित अनलाइन समाचार पोर्टल पोखरा क्लिक डट.कम. विकास, समृद्धि र सुशासनका पक्षमा पहरेदारी गर्दै सत्य, तथ्य एवम् निष्पक्ष समाचार सम्प्रेषणमा क्रियाशील रहँदै आइरहेको छ।

पछिल्लो समय दिनप्रतिदिन बढ्दो पर्यावरणीय क्षयीकरण, अस्तव्यस्त दिनचर्या र सन्तुलित भोजनप्रतिको वेवास्ताका कारण मानव स्वास्थ्यमा असमयमै विविध प्रतिरक्षासम्बन्धी समस्या देखापर्न थालेकाले त्यसैलाई मध्यनजर गर्दै प्रतिरक्षा तथा बाल बाथरोगको पहिचानमा देखिएका समस्या, रोग पहिचानपछि निदानमा आइपर्ने बाधा व्यवधानका बारेमा यस क्षेत्रका जनसमुदायलाई सुसूचित गर्न सकियोस् भन्ने शिविरको मुख्य उद्देश्य रहेको प्रालिले जनाएको छ।

# 'विपद् जोखिम न्यूनीकरण गर्न राज्यले थप तयारी गर्नु आवश्यक छ'

पोखरापत्र संवाददाता
पोखरा, १२ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले विपद् जोखिम न्यूनीकरण गर्न राज्यले थप तयारी गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

बारपाक सुलिकोट गाउँपालिका-२ बारपाकमा गोरखा भूकम्पको स्मृतिमा आज आयोजित कार्यक्रममा उहाँले नेपालमा विभिन्न खालका विपद्ले ठूलो नोक्सानी गर्दै आएको भन्दै राज्यले विपद् जोखिम न्यूनीकरणका लागि नयाँ ढङ्गले तयारी थाल्नुपर्ने बताउनुभयो । "भूकम्प, बाढीलगायत अन्य विपद्का हिसाबले नेपाल जोखिमयुक्त देश हो", उपाध्यक्ष श्रेष्ठले भन्नुभयो, "यहाँ भूकम्पको जोखिम सधैँ रहेको विज्ञहरूले चेतावनी दिइरहेकाले राज्यले जोखिम न्यूनीकरणका लागि आवश्यक तयारी गर्नुपर्छ।" विगतमा भएका विपद्बाट शिक्षा लिएर अघि बढ्नुपर्ने उहाँको भनाइ छ। विपद्लाई रोकेर रोक्न नसकिने भए पनि न्यूनीकरण गरेर ठूलो जनधनको क्षति हुनबाट जोगाउन सकिने भएकाले जोखिम न्यूनीकरण गर्नु राज्यको महत्त्वपूर्ण पक्ष रहेको उपाध्यक्ष श्रेष्ठले उल्लेख गर्नुभयो। "गोरखा भूकम्पले देशलाई पुनर्निर्माणको एउटा अवसर पनि दिएको थियो। त्यसले हामीले कति सकारात्मक ढङ्गले अवसरलाई उपयोग गर्न सक्यौँ, कति आफ्नै कमजोरीका कारण अवसर सदुपयोग गर्न सकेनौँ त्यसको समिक्षा गर्दै जानुपर्छ", उहाँले भन्नुभयो । सामाजिक आर्थिक रूपान्तरण, विकास र समृद्धि हासिल गर्दै जनताको जीवनस्तर उठाउनु देशको मुख्य कार्यभार रहेको उपाध्यक्ष श्रेष्ठले धारणा राख्नुभयो । "युवालाई नयाँ जीवन दिन मुलुकभित्र प्रशस्त सम्भावनाहरू छन्", उहाँले भन्नुभयो, "ती सम्भावनालाई समातेर फड्को मार्न सक्नुपर्छ।"

# बारपाकवासी भन्छन्, ‘भूकम्पपछि गाउँको मौलिक चिनारी बचाउन सकिएन’

**दीपक श्रेष्ठ**
गोरखा, १२ बैशाख/रासस

गोरखा भूकम्पको ‘इपिसेन्टर’ गोरखाको बारपाक गाउँ वीरताको गाथा कोरिएको ऐतिहासिक एवं पर्यटकीय गाउँ हो । जगदेखि छानोसम्म ढुङ्गा र काठबाट बनेका एकै स्वरुपमा जोडिएर रहेका एक हजार ३०० भन्दा बढी घर बारपाकको अर्को छुट्टै मौलिकता र चिनारी थियो ।

विक्रम संवत् २०७२ वैशाख १२ गते बिहान ११ बजेर ५६ मिनेटमा गएको ७ दशमलव ८ म्याग्नेच्युडको भूकम्पले पर्यटकीय सुन्दर गाउँ बारपाक क्षणभरमा तहसनहस बन्यो । गाउँका कुनै घर बाँकी रहेनन् । भूकम्पबाट बारपाक गाउँमा मात्रै ७२ जनाले ज्यान गुमाए । भूकम्प गएको आज १० वर्ष पूरा भएको छ । पुनःनिर्माण सकिएसँगै बारपाकवासीले भूकम्पको पीडा पनि भुल्दै गएका छन् । पुराना शैलीमा घर नबने पनि बारपाक गाउँमा आधुनिक शैलीका घर बनिसकेका छन् । अर्थात् भूकम्पपछिको पुनः निर्माण लगभग सकिएको छ । भूकम्पपछि बारपाकमा अहिले एक हजार ४५० भन्दा बढी घर पुनः निर्माण भइसकेका छन् । “परम्परागत शैलीका घर त बनाइएनन् तर आधुनिक शैलीका घर लगभग बनिसकेका छन्”, स्थानीयवासी सुशीला घलेले भन्नुभयो, “भूकम्पको एकै झड्काबाट ठूलो क्षति ब्यहोरेका बारपाकीले फेरि पुरानै शैलीको ढुङ्गैढुङ्गा र काठले बनेका परम्परागत मौलिकता बोकेका घर बनाउने आँट भने गर्न सकेनन् ।”



भूकम्पपछिको पुनःनिर्माणले बारपाकको स्वरुप र पहिचान बदलिदिएको छ । एउटा ठूलो सुन्दर गाउँ अहिले शहर जस्तै बनेको छ । “हामीलाई बारपाकको चिनारी दिने घर बनाएर बस्न मन नभएको होइन,” उहाँले भन्नुभयो, “तर सुरक्षित हुँदैन भन्ने अनूभूति बारपाकीले गरेपछि आधुनिक शैलीका घर बनाउनुको कुनै विकल्प रहेन ।” बारपाकमा निजी आवास पुनः निर्माण लगभग सकिएको बारपाक सुलिकोट गाउँपालिका-१, बारपाकका वडाध्यक्ष घनबहादुर घले बताउनुभयो । “भूकम्पपछि यहाँका मौलिक चिनारी भने बचाउन सकिएन,” उहाँले भन्नुभयो, “बारपाक त बारपाक नै हो तर पुरानो मौलिक बारपाक होइन, अहिले नयाँ र आधुनिक बारपाक बन्यो ।” पुराना मौलिकता बोकेका घर नबने पनि बारपाकको सुन्दरता भने हराएको छैन । मौलिक पहिचान बोकेको लाहुरेको गाउँ बारपाकलाई गोरखा भूकम्पपछि ‘इपिसेन्टर बारपाक’भनेर पनि चिनिने गरेको छ । यसले बारपाकलाई फरक चिनारी दिएको छ । दोस्रो विश्वयुद्धमा भिक्टोरिया क्रसको उपाधि प्राप्त गर्नुभएका गजे घलेको गाउँ भएकाले बारपाकको इतिहास गर्विलो छ । बुद्ध हिमालको काखमा अवस्थित बारपाकको कला, संस्कृति, परम्परागत रीतिरिवाज, वीरता र प्राकृतिक सौन्दर्यता विश्वसामु चिनाउन पहल गर्नुपर्नेमा स्थानीय जोड दिन्छन् । बारपाक केन्द्रविन्दु भएर गएको गोरखा भूकम्पबाट गोरखामा मात्र ४७१ जनाले ज्यान गुमाएका थिए । भूकम्पबाट गोरखासहित १४ जिल्ला अतिप्रभावित बने भने देशभरका ३१ जिल्लामा गोरखा भूकम्पले क्षति पुऱ्याएको थियो ।

पर्यटकीय गन्तव्य बन्दै

भूकम्पको इपिसेन्टर बारपाक अहिले पुनः निर्माण मात्र भएको छैन । बारपाक घुम्न आउने पर्यटकलाई लक्षित गरेर बारपाक गाउँभित्रै आकर्षक आन्तरिक पर्यटकीय गन्तव्य थपिँदै गएका छन् । गाउँपालिकाको पहलमा आन्तरिक तथा बाह्य पर्यटकलाई बारपाकतर्फ लोभ्याउन नयाँनयाँ घुम्न लायक गन्तव्यको विकास गर्न थालिएको गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो । अब बारपाक घुम्न आउने पर्यटकले बारपाकभित्रै कलात्मक ‘बुद्ध पार्क’ पनि घुम्न पाउनेछन् । बारपाकस्थित ताक्लेनान डाँडामा करिब ४५ लाखको लागतमा निर्माण गरिएको ‘बुद्ध पार्क’ अहिले बारपाकमा पर्यटक भुलाउने प्रमुख गन्तव्य बन्दै गएको छ । उक्त उद्यानमा बारपाकको परम्परा, इतिहास, कला र संस्कृति झल्काइएको छ । बारपाकको सिङ्गो दृश्य देख्न सकिने स्थानमा निर्माण गरिएको ‘बुद्ध पार्क’ मा करिब पाँच फिट अग्लो बुद्धको मूर्ति आकर्षक ढङ्गले राखिएको छ । त्यस्तै उद्यानमा बौद्ध धर्म, संस्कृति झल्कने खालका मानीलगायतका सामग्री पनि रहेका छन् । भूकम्पपछि सिङ्गो गाउँलाई एकै ठाउँबाट दृश्यावलोकनका लागि गाउँपालिकाले निर्माण गरेको ‘भ्यू टावर’ बारपाकको अर्को आकर्षक गन्तव्य हो । त्यस्तै भुकम्पमा ज्यान गुमाएको सम्झनामा निर्माण भइरहेको भूकम्प स्मृति उद्यानको काम लगभग अन्तिम चरणमा रहेको अध्यक्ष भट्टले जानकारी दिनुभयो । “सङ्घीय आयोजना कार्यान्वयन इकाइ पोखरामार्फत निर्माण भइरहेको स्मृति उद्यानको थोरै मात्र काम बाँकी छ,” उहाँले भन्नुभयो, “स्मृति उद्यानले बारपाकमा पर्यटकको आकर्षण अझै बढ्ने विश्वास छ ।” उद्यान निर्माण गर्न रु १५ करोड ५१ लाख ७५ हजारमा सम्झौता भएको छ ।

अध्यक्ष भट्टले बारपाक गाउँ अहिले पहाडको शहरका रुपमा स्थापित हुँदै गएको बताउनुभयो । “इपिसन्टेर हेर्न र घुम्नका लागि देश भित्रका मात्र होइन बाहिरबाट पनि थुप्रै पर्यटक बारपाक आउन थालेका छन्,” उहाँले भन्नुभयो, “भूकम्पले थलिएको बारपाक अब तङ्गिसकेको छ ।”

गैह्रागाउँका दलित परिवार अझै अस्थायी टहरामा

जिल्लाभित्र भूकम्पले क्षति पुऱ्याएका अधिकांश निजी आवास, सरकारी तथा गैह्रसरकारी कार्यालय एवं पुरातात्विक भवन पुनःनिर्माणको काम सम्पन्न भइसकेको भए पनि इपिसेन्टर बारपाकको दलित बस्तीका केही भूकम्पपीडित भने अझै अस्थायी टहरामा छन् । घर बनाउन जग्गा नपाउँदा भूकम्पको १० वर्षसम्म पनि दलित समुदाय अस्थायी टहरामा बस्न बाध्य भएको बारपाक सुलिकोट गाउँपालिका-१, की वडासदस्य लक्ष्मी विकले बताउनुभयो । “साबिकको बस्ती जोखिमयुक्त छ, त्यहाँ घर बनाएर बस्न मिल्ने अवस्था छैन”, उहाँले भन्नुभयो । गैह्रागाउँमा १५ दलित परिवारले घर बनाउन नपाएको विकको भनाइ छ । उनीहरु अहिले सरकारी जग्गामा अस्थायी टहरामा बस्दै आएका छन् ।

# स्वस्थ जिवनको लागि “योग तथा ध्यान”

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

पोखरा बगरस्थित पोखरा आदर्श सेकेन्डरी स्कुलको आयोजनामा एक दिने “योग तथा ध्यान“ कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा जीवन विज्ञानका प्रशिक्षक बासुदेव पौडेलद्वारा जीवन विज्ञान सम्बन्धी विभिन्न किसिमका डेमोहरू प्रस्तुत गरी ध्यान,योग र प्रणायामका सुत्रहरू पनि प्रस्तुत गरिएको थियो । पौडेलले याम, नियम, आसन, प्राणायाम, धारणा, ध्यान, समाधि र त्याग जस्ता योगका प्रकारको जानकारी दिई विद्यार्थी लाई केहि योगको अभ्यास गराएका थिए । कार्यक्रम कक्षा ११ का विद्यार्थी, शिक्षक कर्मचारी एवम अभिभावकको सहभागितामा सम्पन्न भएको हो । स्कुल निर्देशक नारायण न्यौपानेले भने, “मुलतः हाम्रा विद्यार्थीलाई शारीरिक रूपमा स्वस्थ, मानसिक तवरले शान्त र अध्यात्मिक रूपमा उच्च चेतनायुक्त बनाउन यो योग र ध्यानको अभ्यास गराइएको हो ।” योगको अभ्यासपछि सामाजिक अध्ययन एवम जिवनोपयोगी सीप अध्यापन गराउने कुशल तिमिल्सिनाले भने, “आज योगको अभ्यासले शरीरमा हल्कापन ल्याएको महसुस भयो। सम्पूर्ण अंग-प्रत्यङ्ग तथा कोषलाई समेत प्राणवान् र स्वस्थ बनाउने यस्तो योग अभ्यासले मन र इन्द्रीय नियन्त्रण गर्न सहयोग पुर्याउँछ ।” त्यस्तै गरि स्कुलका संस्थापक बलराम सुवेदी, “अहिलेको रहनसहन तथा खानपिनको अवस्था विकृत बन्दै गएको छ । आजको योगमा खाना तथा जीवनशैली व्यवस्थापनका विषयमा पनि जीवनोपयोगी जानकारी पाइयो।“



बिधालय ब्यवस्थापन समितिका अध्यक्ष कमलराज सापकोटाले प्रशिक्षकलाई मायाको चिनो हस्तान्तरण गरेका थिए। सापकोटाले भने, “शारीरिक, मानसिक, बौद्धिक तथा आत्मिक विकासका लागि योग सर्वोत्तम पद्धति हो । योगले अहिंसा, शान्ति, चरित्र निर्माण, नैतिक शिक्षा, मनको निग्रह, बुद्धि विकास, सत्गुण विकास तथा समग्र जिउने तरिका सिकाउँछ ।“

कार्यक्रम स्कुलका निर्देशक एबम कार्यक्रमका परिकल्पनाकार नारायण न्यौपानेको सभापतित्वमा सञ्चालन भएको हो। सहभागी विद्यार्थीहरुले कार्यक्रम प्रयोगात्मक र जिवनोपयोगी भएको धारण व्यक्त गरे।

# माओवादी अध्यक्षद्वारा गोरखाका स्थानीय जनप्रतिनिधिसँग सामूहिक छलफल

**पोखरापत्र संवाददाता**
गोरखा, १२ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले शुक्रबार गोरखा जिल्लाको बारपाकमा माओवादी केन्द्रबाट निर्वाचित स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरूसँग सामूहिक छलफल गर्नुभएको छ ।

उहाँले जनप्रतिनिधिसँगको संवादमा माओवादी नेतृत्वमा रहेका पालिकाका जनताले प्रत्यक्ष अनुभूति गर्न सक्ने खालका परिवर्तन ल्याउनुपर्नेमा जोड दिनुभयो । साथै उहाँले जनप्रतिनिधिहरू उत्तरदायी र जनउत्तरदायी सेवा प्रवाहमा केन्द्रित हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

छलफलमा सहभागी जनप्रतिनिधिले आफ्नो पालिकाका अनुभव, समस्या र चुनौतीबारे धारणा राख्दै पार्टी केन्द्रबाट सहयोगको अपेक्षा व्यक्त गरेका थिए । उनीहरूले भौतिक पूर्वाधारको अभाव, सेवाप्रवाहमा देखिएको कठिनाइ तथा बजेटको सीमितताजस्ता विषयमा ध्यानाकर्षण गराएका थिए । अध्यक्ष प्रचण्डले उठाइएका समस्यालाई सम्बोधन गर्न पार्टी र नेतृत्वको तर्फबाट आवश्यक पहल गरिने विश्वास दिलाउनुभयो ।

# बङ्गुर पालेर स्वरोजगार र आत्मनिर्भर

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ बैशाख

बङ्गुरपालन गरेका म्याग्दीका एक युवाले निरन्तर मेहनत गर्ने हो भने देशमै स्वरोजगार र आत्मनिर्भर बन्न सकिने सन्देश दिनुभएको छ ।



मङ्गला गाउँपालिका-५ हाडेभिरका २५ वर्षीय विमल सापकोटा व्यावसायिक बङ्गुरपालनबाट स्वरोजगार र आत्मनिर्भर बन्नुभएको हो । “कुखुरापालनमा असफल भएपछि चार वर्षअघि रु १५ लाख लगानीमा बिएनबी कृषि तथा पशुपन्छी फार्म खोलेर बङ्गुर र बाख्रापालन सुरु गरेको थिएँ”, उहाँले भन्नुभयो, “कुखुरामा डुबेको थिएँ, बङ्गुर पालेर उठे ।” उहाँको फार्ममा हाल ५० वटा बङ्गुर र २० वटा बाख्रा छन् । मासु र पाठापाठीका लागि ल्याडरेस जातका बङ्गुर पाल्नुभएको छ । फार्ममा जमुनापारी र खरी जातका बाख्रा छन् । सापकोटाले प्रतिकिलो रु छ सयका दरले मासिक छ हजारदेखि सात हजार किलोग्राम बङ्गुरको मासु र प्रतिगोटा रु सात हजारका दरले वार्षिक तीन सय बङ्गुरका पाठापाठी बिक्री हुने बताउनुभयो । मासुको बिक्री गर्न सापकोटाले मङ्गला गाउँपालिका-२ बाबियाचौरमा मासु पसल पनि सञ्चालन गर्नुभएको छ । बाबियाचौरका साथै मुस्ताङका होटलमा बङ्गुरको मासु खपत हुने गरेको छ । फार्ममा विमलसहित परिवारका थप चार जना सदस्यले रोजगारी पाएका छन् । बुबा तारानाथ सापकोटा, आमा चित्रकला र श्रीमती सुकमायाले विमललाई बङ्गुरपालनमा सघाउनुहुन्छ । “छिमेकी र आफन्तले बाहुनले बङ्गुर पाल्न हुँदैन भनेर सुझाएका थिए”, तारानाथले भन्नुभयो, “पहिले बङ्गुर नपाल्न सुझाव दिनेहरू अहिले व्यापार देखेर छक्क पर्छन् ।”

सापकोटाको बङ्गुर फार्म व्यवस्थित र सफा छ । माउ, भाले, पाठापाठी राख्ने फरकफरक कोठा छन् । रोगबाट बचाउन फार्मको नियमित सरसफाइ गर्नुहुन्छ । फार्मको फोहरलाई सुरक्षित रूपमा व्यवस्थापन गरिएको छ। सो फार्ममा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा जिल्लामै पहिलोपटक गत चैतमा उच्च नश्लको कम बोसो भएको अमेरिकन नश्लको शुद्ध बङ्गुरको ताजा बीर्यबाट कृत्रिम गर्भाधान गरिएको थियो । परियोजनाका साथै भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र मङ्गला गाउँपालिकाको पशु सेवा शाखाले प्राविधिक सहयोग गरेका छन् । सापकोटाको अनुभवमा महामारीजन्य रोगबाट बचाउनु बङ्गुरपालनको प्रमुख चुनौती हो । दाना आयात गरेर खुवाउनुपर्दा आम्दानीको ठूलो हिस्सा दानामा खर्च हुने गर्छ । बङ्गुरका पाठापाठी र मासुको माग बढेकाले फार्मको क्षमता विस्तार गर्ने उहाँको योजना छ । “घरव्यवहार र परिस्थितिका कारण कक्षा १० पढेपछि व्यवसायमा जोडिएको थिएँ”, उहाँले भन्नुभयो, “विदेश जाने योजना बनाएको छैन । स्वदेशमै व्यवसायलाई निरन्तरता दिन्छु । बङ्गुरपालनबाट सन्तुष्ट छु ।”

# भुजी र दरमखोला पुल निर्माणमा लापरबाही

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

निर्माण व्यवसायीको चरम लापरबाहीका कारण बागलुङमा दुईवटा मोटरेबल पुल नौ वर्षदेखि अलपत्र छन् ।

ढोरपाटन नगरपालिका-५ स्थित अस्तु-ओडारबोट जोड्ने भुजीखोला पुल र गलकोट नगरपालिका-७ को दरमखोला पुल निर्माणले गति नलिँदा स्थानीयले सास्ती खेप्नुपरेको छ । दुईवटै पुल निर्माणका लागि वाइटी रफिना जेभी कन्ट्रक्सनले जिम्मा पाएको थियो । भूजीखोला पुल २०७४ साल माघमा सक्नेगरी २०७३ साल असोज ४ गते सम्झौता गरेको थियो । उक्त पुलको हालसम्म ३५ प्रतिशतमात्र काम भएको सडक डिभिजिन कार्यालयले जनाएको छ ।

दरमखोला पसलका २०७४ साल माघ ४ गते सक्नेगरी २०७३ साल असोज ४ गते सम्झौता भएको थियो ।

निर्माण कम्पनीले समयमै काम नगरेपछि अन्तिमपटक २०७७ साल मङ्सिर १४ मा म्याद थप गरिएको थियो । यो पुलको काम ४० प्रतिशतमात्र भएको छ ।

सडक डिभिजन कार्यालयका प्रमुख हरिप्रसाद सुवेदीका अनुसार भुजीखोला पुल निर्माणका लागि रु दुई करोड १६ लाख र दरमखोलाको पुलका लागि रु तीन करोड ३२ लाखमा निर्माणमा सम्झौता छ । अहिलेसम्म निर्माण भएका संरचना जीर्ण छन् । तीनको अवस्था काम नलाग्ने रहेको प्राविधिकहरू बताउँछन् ।

# एपीएफ फाइनलमा प्रवेश

**रासस**
काठमाडौं, १२ बैशाख

नेपाल एपीएफ क्लब आठौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा डिफेन्डिङ च्याम्पियन एपीएफले पूर्वविजेता न्यु डायमन्डलाई ३-१ को सेटमा पराजित गर्दै प्रतियोगिताको फाइनमा प्रवेश गरेको हो । एपीएफले न्यू डायमन्डलाई २५-१७, २५-२२, २३-२५ र २५-२३ को सेटमा पराजित गऱ्यो । एपीएफकी जसना महतो ‘प्लेयर अफ द म्याच’ घोषित भइन् । न्यू डायमन्ड छैटौं संस्करणको उपाधि विजेता हो भने बाँकी सबै संस्करणको उपाधि एपीएफले जितेको छ । फाइनलमा एपीएफको भेट नेपाल प्रहरीसँग हुनेछ ।

# बेनी-दरवाङ सडक: आठ वर्षमा १७ किलोमिटर कालोपत्र

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ बैशाख

मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरबाङ सडक आठ वर्षमा १७ किलोमिटर कालोपत्र भएको छ । चौबिस किलोमिटर लामो यो सडकको स्तरोन्नति आठ वर्षअघि थालिएको हो ।

पूर्वाधार विकास कार्यालयका अनुसार रु ४५ करोडको लागतमा बेनीबाट मङ्गला गाउँपालिका-२ सिमसम्म १२ दशमलव पाँच किलोमिटर र रु १० करोड ७० लाखको लागतमा सिम-पानाबगर खण्डको चार किलोमिटर कालोपत्र भइसकेको छ । मङ्गला गाउँपालिका-२ रणवाङबाट मालिका गाउँपालिका-६ दरवाङ जोड्ने आठ किलोमिटर सडक स्तरोन्नतिका लागि २०७६ सालमा रु २२ करोड ५७ लाखमा ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले रणवाङबाट तोलावाङसम्म तीन किलोमिटर ३०० मिटर कालोपत्र भएको छ । दरवाङबाट धवलागिरि गाउँपालिकाको केन्द्र मुना जोड्ने सडक कालोपत्रसहित स्तरोन्नति गर्न रु १४ करोडमा ठेक्का सम्झौता भएको एउटा योजना चालु रहेको र थप रु ९२ करोड बजेटको योजना कार्यान्वयनका लागि ठेक्का आह्वान भइसकेको छ ।

# बीस वर्षपछि अछेते-भिमापोखरा सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ बैशाख

अछेते-भिमापोखरा सडक रु एक करोड ५० लाख लागतमा स्तरोन्नति गरिएको छ ।

उक्त सडकको पाँच किलोमिटरमध्ये आठ स्थानमा ढलान गरिएको छभने केही स्थानमा पहिरो रोकथामका लागि सडक चौडा पारिएको छ । काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाका अनुसार काठेखोला गाउँपालिकाको ५० लाख र भिमापोखरा वडा कार्यालयको रु २० लाख गरी रु ७० लाखको लागतमा सडक स्तरोन्नति गरिएको हो । पूर्वाधार विकास कार्यालयबाट प्राप्त रु ८० लाख ढलान तथा पहिरो नियन्त्रणमा खर्च भएको छ । केही स्थानमा काम जारी छ । चार स्थानमा पहिरो नियन्त्रण गर्ने पूर्वाधार बनाइने छ ।

गाउँपालिकाले अछेते-भिमापोखरा सडकलाई कालोपत्र गर्न पर्याप्त बजेट विनियोजन नभएकाले केन्द्र सरकारसमक्ष अनुरोध गरिएको तथा विस्तृत परियोजना प्रतिवेदन पनि प्रस्तुत गरिएको अध्यक्ष थापाले राससलाई जानकारी दिनुभयो ।